# आकाशवाणी खरसाङः प्रादेशिक समाचार- नेपाली

**मितिः १२ अगस्त २०२५**

समयः १८:५० - १९:०० बजे

**मुख्य समाचार**

- केन्द्रीय मन्त्रीमंडलले आज ओडिशा, पञ्जाब र आन्ध्र प्रदेशमा ४ ६ सय करोड रुपियाको लागतमा ४ सेमीकन्डक्टर उत्पादन एकाइहरूलाई स्वीकृति दिएको छ l

- पश्चिम बङ्गालकी मुख्यमन्त्री ममता बेनर्जीले १८ अगस्तको दिन मन्त्रीमंडलको बैठक बोलाउनु भएको छ ।

- भारतीय जनता पार्टीले पश्चिम बङ्गालमा आफ्नो बुथ स्तरको संगठनलाई मजबुत बनाउने दिशामा ठूलो कदम चालेको छ।

- दार्जीलिंगमा आज देखि 'मेरो दार्जीलिंग माया' अनि 'सेवा तपाई' लाई नामक कार्यक्रमको शुरुवात गरिएको छ l

- खरसाङका क्षेत्रका युवा साहित्यकार सञ्जीव छेत्रीलाई पहिलो असीत राई स्मृति साहित्यिक पुरस्कार प्रदान गरिने भएको छ।

**केन्द्रीय मन्त्रीमंडल-सेमीकन्डक्टर**

केन्द्रीय मन्त्रीमंडलले आज ओडिशा, पञ्जाब र आन्ध्र प्रदेशमा ४ ६०० करोड रुपियाको लागतमा ४ सेमीकन्डक्टर उत्पादन एकाइहरूलाई स्वीकृति दिएको छ।प्रधानमन्त्री नरेन्द्र मोदीको अध्यक्षतामा बसेको मन्त्रिमण्डलको निर्णयबारे जानकारी दिनुहुदै सूचना तथा प्रसारणमन्त्री अश्विनी वैष्णवले सेमीकन्डक्टर र इलेक्ट्रोनिक्स क्षेत्रका लागि सरकारले बलियो पारिस्थितिकी निर्माण गरिरहेको बताउनु भएको छ । विगत ११ वर्षमा इलेक्ट्रोनिक्स उत्पादनमा ६ गुणा र निर्यातमा ८ गुणाले वृद्धि भएको उहाँले बताउनु भएको छ । उहाँले पछिल्लो ११ वर्षमा मोबाइल उत्पादन गर्ने युनिटको संख्या २ बाट बढेर ३०० भन्दा अधिक पुगेको छ। केन्द्रीय मंत्री अश्विनी वैष्णवले अझ्ह भन्नुभएको छ - मोबाइल फोनको निर्यात १२७ गुणाले बढेर दुई लाख करोड रुपिया पुगेको छ। चिप डिजाइनका लागि सरकारले स्वदेशी कम्पनी, स्टार्टअप र एम.एस.एम.ई.लाई सहयोग गरिरहेको बताउनुहुदै उहाँले सेमिकॉन इन्डिया २०२५ आगामी महिनाको २ तारिखदेखि नयाँ दिल्लीमा आयोजना हुने घोषणा गर्नुभएको छ। सेमीकोन इन्डियामा मलेसिया, जापान, सिंगापुर र दक्षिण कोरियाले साझेदारका रुपमा भाग लिनेछन् ।

**पश्चिम बंगाल - मुख्यमंत्री ममता बनर्जी - मंत्रिमंडल - बैठक**

पश्चिम बङ्गालकी मुख्यमन्त्री ममता बेनर्जीले एक सातापछि फेरि मन्त्रीमंडलको बैठक बोलाउनु भएको छ । हिज सम्पन्न बैठकमा केही महत्वपूर्ण निर्णयहरु भए लगत्तै आज नयाँ बैठक बोलाउने निर्णय भएको हो, जसले प्रशासनिक माहौलमा चर्चा तीब्र भएको छ। मुख्यमन्त्रीको अध्यक्षतामा उक्त बैठक १८ अगस्त सोमबारको दिन अपराह्न ४ बजे नवान्नमा सम्पन्न हुनेछ । सुत्र अनुसार हिज बसेको बैठकमा 'दुर्गा अंगन' सांस्कृतिक केन्द्र निर्माण, कोलकातामा साना प्लटहरूमा आवास निर्माण र शालबनीमा दुई विद्युत परियोजनाहरूको स्वीकृति जस्ता प्रमुख निर्णयहरू लिएका थिए। यति हुँदाहुँदै पनि मुख्यमन्त्रीले यति छोटो अन्तरालमा फेरि बैठक बोलाउनुले अझै केही महत्वपूर्ण विषयमा चर्चा हुन सक्ने सङ्केत गरेको छ। आगामी आगामी सोमबारको बैठकमा राजनीतिक र प्रशासनिक दुवै तहमा महत्वपूर्ण घोषणा हुने अपेक्षा गरिएको छ।

**भारतीय जनता पार्टी- बुथ**

भारतीय जनता पार्टीले पश्चिम बङ्गालमा आफ्नो बुथ स्तरको संगठनलाई मजबुत बनाउने दिशामा ठूलो कदम चालेको छ। राज्यका अधिकांश मतदान केन्द्रहरुमा बुथ कमिटी गठनको काम सकिएको छ। पश्चिम बङ्गालमा कुल ८१ हजार मतदान केन्द्रहरू छन्, जसमध्ये ६५ हजार बुथहरूमा बुथ समितिहरू गठन गरिएको छ। यद्यपि, यी बुथहरूमध्ये १५ हजार को प्रमाणीकरण कार्य अझै बाँकी छ, जुन चाँडै पूरा हुनेछ। प्रत्येक बुथ कमिटीमा एक अध्यक्ष र दुई सहयोगी रहनेछन्। नयाँ समितिका सदस्यका लागि १६ अगस्त देखि २२ अगस्त सम्म विशेष प्रशिक्षण कार्यक्रम सञ्चालन गरिनेछ। बाँकी रहेका बुथको प्रमाणीकरण पनि सोही अवधिमा सम्पन्न गर्ने योजना छ।भाजपाका एक वरिष्ठ पदाधिकारीले अल्पसंख्यक बाहुल्य क्षेत्र र सत्ताधारी टीएमसी कार्यकर्ताको हिंसाका कारण प्रक्रिया सुरु हुन नसकेको क्षेत्रमा काम अधुरो रहेको बताएका छन्।राज्य भाजपाले बुथ स्तर र जिल्ला स्तरमा संगठनात्मक शक्तिको आकलन गर्न डिजिटल सर्वेक्षणको प्रक्रिया पनि शुरु गरेको छ।

**दीघा- भगवान जगन्नाथ मन्दिर**

दीघामा भगवान जगन्नाथको मन्दिर निर्माण गरेपछि अब पश्चिम बंगाल सरकारले राज्यमा दुर्गा मन्दिर बनाउने भएको छ। राज्य मन्त्रीमण्डलको बैठकमा यस परियोजालाई स्वीकृति दिइएको छ। मन्दिरको नाम 'दुर्गा आँगन' राखिनेछ। राज्यका उर्जा मन्त्री अरूप विश्वासले आज बिहान यसको पुष्टि गर्दै भन्नुभयो - 'दुर्गा आँगन'- को निर्माण राज्य पर्यटन विभाग र पश्चिम बंगाल हाउसिंग इन्फ्रास्ट्रक्चर डेभलपमेन्ट कर्पोरेशनले संयुक्त रूपमा गर्नेछ। यसको लागि दुवै विभागले मिलेर एउटा ट्रस्ट बनाउनेछ जसले निर्माण कार्यको जिम्मेवारी सम्हाल्नेछ।

**दार्जीलिंग-स्वच्छ अभियान**

दार्जीलिंगमा आज देखि मेरो दार्जीलिंग माया अनि सेवा तपाईलाई नामक कार्यक्रमको शुरुवात गरिएको छ I दार्जिलिङलाई स्वच्छ तथा सुन्दर बनाउन जमिनी रूपमा कार्य गरौ भन्ने मूल उदेश्यको साथमा यो कार्यक्रमको शुरुवात गरिएको बताइएको छ I विक-रन फाउन्डेसनको मुख्य पहल तथा गोर्खाल्यान्ड क्षेत्रीय प्रशासन एवं दार्जिलिङ नगरपालिकाको सहयोगमा हप्तामा दुई घण्टा दार्जिलिङलाई मुलनाराको साथमा शुरु गरिएको अभियानमा गोर्खाल्याण्ड क्षेत्रीय प्रशासनका प्रमुख कार्यपाल अनित थापा मुख्य रुप मा उपस्थित हुनुहुन्थ्यो भने दार्जिलिङ नगरपालिका अध्यक्ष दिपेन ठकुरी, विक रन फाउन्डेसनका सस्थापक विक्रम राई भुतपुर्व सासद दावा नर्बुला ,भुतपुर्व विधायक तथा शिक्षाविद् अमरसिह राई, एसोसिएसन फर कन्जरभेसन एन्ड टुरिज्मका राज बासु जीटीए सभा का अध्यक्ष अन्जुल चौहान लगायत गण्यमाय मानिसहरू उपस्थित रहेका थिए। कार्यक्रम लाई सम्बोधन गर्नुहुदै श्री थापा ले यो बैचारिक लडाइँमा सबैलाई जोड्नुपर्ने हाम्रो दार्जिलिङबाट मेरो दार्जिलिङ भन्ने सोच लिएर अधि आउनसके सफल हुने थापाले बताए।

**हात्ती दिवस – खर्साग -नक्सलबारी**

आज विश्व हात्ती दिवस हो। यस दिनलाई मनाउन आज प्रकृति प्रेमीहरूद्वारा विभिन्न कार्यक्रमहरूको आयोजन गरियो। हात्तीहरूलाई बचाउने सन्देश लिएर नेचर एनभाइरमेन्ट एण्ड वाइल्ड लाइफ सोसाइटी तथा खरसाङ वन विभागको सहयोगमा आज नक्सलबारी खण्ड अन्तर्गत कदमा मोड़मा एक बाइक र्‍याली निकालियो। र्‍यालीमा पशु प्रेमीहरूले भाग लिएका थिए। र्‍यालीको माध्यमबाट सबै मानिसहरूलाई हात्तीहरूको सुरक्षाको सन्देश दिइयो। यस अवसरमा खरसाङ वन विभागका डीएफओ देवेश पाण्डेले हात्तीहरूको आवागमनमाथि नजर राख्नको लागि एक नियन्त्रण कक्ष तथा हेल्पलाइन नम्बर पहिलाबाटै स्थापित गरिसकिएको तथा यस वर्ष बन -जंगललाई बढ़ाउनको लागि एक लाख बिरूवा रोपिएको जानकारी दिनुभएको छ I

**दार्जीलिङ्ग- निक्षय मित्र योजना**

दार्जीलिङ्ग नगरपालिका अन्तर्गत क्षयरोगले ग्रसित भएका ७६ जना रोगीहरुलाई निक्षय मित्र योजना अन्तर्गत दार्जीलिङ नगरपालिकाको स्वास्थ्य विभागद्वरा आज पोष्टिक आहार प्रदान गरिएको नगरपालिकाका अध्यक्ष दिपेन ठकुरीले जानकारी दिनुभएको छ I दार्जीलिङ नगरपालिकाको ३२ वटा वार्डमा क्षय रोगीहरुको संख्या ७६ जना रहेको जानकारी गराएको छ भने उक्त पोष्टिक आहारहरु बिरामीका परिवारहरूलाई नगरपालिकाका अध्यक्ष साथै अन्यको बाहुलिबाट प्रदान गरियो।

नगरपालिकाको स्वास्थ विभागद्वारा आउदो दिनहरूमा पनि यस्ता कार्यहरू निरन्तर रहिरहने साथै दार्जीलिङ नगरपालिका क्षेत्रलाई क्षयरोग मुक्त बनाउने नगराध्यक्षले बताएका छन् ।

**खर्सांग - सञ्जीव छेत्री- असीत राई स्मृति साहित्यिक सम्मान**

खरसाङका क्षेत्रका युवा साहित्य सर्जक सञ्जीव छेत्रीलाई पहिलो असीत राई स्मृति साहित्यिक सम्मान प्रदान गरिने भएको छ। खरसाङ पञ्चायत समितिको तर्फबाट यसपाली देखि खरसाङ खण्ड क्षेत्रका विभिन्न विधामा योगदान दिने विशिष्ट व्यक्तिहरुको नाममा विभिन्न व्यक्तिहरुलाई सम्मान प्रदान गरिने घोषणा गरिएको छ। यसपाली खरसाङ खण्ड अन्तर्गत सिटोङ एक ग्राम पञ्चायतको डायरी गाउँ निवासी युवा स्रष्टा एवं कथाकार सञ्जीव छेत्रीलाई असीत राई स्मृति साहित्यिक सम्मान प्रदान गरिने भएको छ। उनीसितै चमनसिंह गुरुङ स्मृति खेलकूद सम्मान खरसाङको सन्त मेरिज निवासी एंव भारतीय महिला राष्ट्रिय फुटबल टोलीका प्रशिक्षक क्रिस्पिन छेत्रीलाई प्रदान गरिने भएको छ। यसरी नै प्रतापसिंह लोहार स्मृति संगीत सम्मान तीनधारे निवासी बरुण रसाइलीलाई प्रदान गरिने भएको छ भने फादर अब्राहम शैक्षिक सम्मान गाडीधुरा निवासी युवा बैज्ञानिक किरण बराइकलाई प्रदान गरिने भएको छ।

**आठ औ बटालियन हर घर तिरंगा"**

खोप्रेल सुबलजोतको आठौँ बूटालियन, सशस्त्र सीमा बलको बाह्य सीमा चौकी मिरिक टिङलिङले 'हर घर तिरंगा' कार्यक्रम आयोजना गर्यो। आठौँ बटालियनका कमान्डेण्ट मितुल कुमारको निर्देशनमा भएको यो कार्यक्रममा सशस्त्र सीमा बलका जवानहरूका स्थानीय अंग्रेजी स्कूल का विद्यार्थीहरू, ग्रामिण क्षेत्रका सहभागिता रहेको थियो। यस कार्यक्रमको मुख्य उद्देश्य सीमावर्ती क्षेत्रका मानिसहरूमा राष्ट्रिय प्रेम र 'हर घर तिरंगा' अभियान मार्फत राष्ट्रभक्तिको सन्देश फैलाउनु रहेको बाह्य सीमा चौकी, टिङलिङका प्रभारी निरीक्षक प्रलय रोयले जानकारी गराउनु भएको छ।

**डुवर्स -सडक दुर्घटना बृद्धको मृत्यु**

सडक पार गर्ने क्रममा बाइकले ठक्कर दिंदा एक महिलाको मृत्यु भएको छ। घटना आज दिउँसो डुवर्सको बानरहाट खण्ड अन्तर्गत रेडब्याङ्क मोडमा भएको हो। दुर्घटनामा बानरहाट ब्लकस्थित रेडब्याङ्क चियाकमानको गोर्जु लाइन निवासी 60 वर्षीय एक बृद्ध महिलाको मृत्यु भएको छ। घाँस काट्नका लागि बाटो पार गर्दै गर्दा बानरहाटबाट आउँदै गरेको बाइकले महिलालाई ठक्कर दिए पछी उनि गम्भीर रुपमा घाइते भएकी थिइन् 1 घाइते महिलालाई बानरहाट ग्रामीण अस्पताल पुऱ्याइयो जहाँ डाक्टरले उनलाई मृत घोषित गरे। महिलाको शवलाई पोस्टमार्टमको लागि जलपाइगढी मेडिकल कलेज एवम् अस्पताल पठाएको जानकारी प्राप्त भएको छ 1

**सिलगढी- डकैतीको योजना-पक्राउ**

सिलगढीमा पुलिसले डकैतीको योजना बनाइरहेका चार व्यक्तिलाई पक्राउ गरेको छ। सिलगढी शहरमा चोरी, डकैती, लुटपाटजस्ता घटनाहरू दिन प्रतिदिन बढ्दै गइरहेकोले पुलिसले शहरको शान्ति श्रृङ्खला कायम राख्न सर्तकताका साथ कार्वाही गरिरहेको छ। यसैबीच हिज अबेर राति सिलगढीको प्रधाननगर थानाको एन्टी क्राइम विङ्गले ठूलो सफलता हासिल गऱ्यो।उनीहरूबाट डकैतीमा प्रयोग हुने विभिन्न उपकरणहरू उद्धार गरिएको पुलिसले जनाएको छ।

**कुचबिहार-आगलागी**

कुचबिहार जिल्लाको मेखलीगञ्ज अस्पताल पाड़ामा आगो लाग्दा चार वटा दोकान जलेर खरानी भएको छ। यस घटनामा लाखौं रुपियाँको नोक्सान भएको बताइएको छ । तथापि घटनामा कुनै प्रकारको जनहानि भएको छैन। आगो आज बिहान 3.30 बजी लागेको बताइएको छ । आगो शर्ट सर्किटको कारणले लागेको हुनसक्ने अनुमान लगाइएको छ।

****** ० ******